यो आकाशवाणी हो।     4 Aug 2025 Thursday

सर्वप्रथम मुख्य समाचार

- भारत र सिंगापुरले नागरिक उड्डयन, अन्तरिक्ष, कौशल विकास, डिजिटल परिसम्पत्ति नवाचार ,हरित र डिजिटल शिपिङ्ग करिडोरमा पाँच समझौतामा गर्यो हस्ताक्षर.
- जी.एस.टी परिषदले आम आदमी, श्रम-प्रधान उद्योगी, किसान र कृषि, स्वास्थ्य र अर्थव्यवस्थाका लागि जीएसटी दरमा सुधार गर्दै तिनीहरूलाई युक्तिसंगत बनाउने स्वीकृती दिएको छ
- सर्वोच्च न्यायालयले आज देशभरीको थानामा सीसीटीवी क्यामराको कमीलाई लिएर स्वतः संज्ञान लिँदै एउटा मामिला दर्ता गरेको छ ,अनि
- दिल्ली पुलिसको क्राइम ब्रान्चले मोबाइल टावर उपकरण चोरी , तस्करी गिरोहको पर्दाफाश गरेको छ।

  अब समाचार विस्तारमा ।

**54 प्रधानमन्त्री-वोङ्ग**

प्रधानमन्त्री नरेन्द्र मोदीले सिंगापुरका प्रधानमन्त्री लरेन्स वोङ्गलाई भारतमा विश्वास व्यक्त गर्नका लागि धन्यवाद दिनुभयो । सोशल मीडिया पोस्टमा श्री मोदीले भन्नुभयो, सिङ्गापुर, भारतको विकासशील यात्रामा एक मूल्यवान साझेदार हो। प्रधानमन्त्री मोदीले दुबै देश बीच व्यापक रणनीतिक साझेदारीको **रोड म्यापको** शीघ्र कार्यान्वयनका लागि आफ्नो प्रतिबद्धता पनि दोहोर्‍याउनु भयो।

**भारत - सिंगापुर बैठक**

भारत र सिंगापुरले आज नागरिक उड्डयन, अन्तरिक्ष, कौशल विकास, डिजिटल परिसम्पत्ति नवाचार ,हरित र डिजिटल शिपिङ्ग करिडोरमा पाँच समझौतामा हस्ताक्षर गर्यो । प्रधानमन्त्री श्री नरेन्द्र मोदी र सिङ्गापुरका प्रधानमन्त्री लरेन्स वोङ्ग बीच आज नयाँ दिल्लीमा भएको वार्ता पछि यो समझौताको आदान-प्रदान गरियो । आफ्नो प्रेस वक्तव्यमा प्रधानमन्त्री मोदीले भन्नुभयो , दुबै देशले आसियानका साथ सहयोग, हिन्द-प्रशान्त क्षेत्रमा शान्ति र स्थिरताका लागि संयुक्त दृष्टिकोणलाई आगि बढाउनका लागि मिलेर काम गर्न जारी राख्नेछ। श्री मोदीले भन्नुभयो, प्रौद्योगिकी र नवाचार साझेदारी बलियो स्तम्भ हो र दुबै पक्षले **आर्टिफिशियल इन्टेलिजेन्स, क्वान्टम र अन्य डिजिटल प्रौद्योगिकीहरूमा** सहयोग बढाउने निर्णय लिएको छ ।

**28-नेपाल-संसद स्पष्टीकरण**

प्रधानमन्त्री के.पी. शर्मा ओलीले आज चीनको आफ्नो आधिकारिक यात्रा पूरा गर्नुभयो । नेपालको प्रतिनिधि सभाको आज भएको बैठकमा, सांसदहरूले बीजिङ्गका विदेश मन्त्रालय द्वारा जारी एउटा बयानका माध्यमले चीनको प्रस्तावित 'वैश्विक सुरक्षा पहल' र 'वैश्विक सभ्यता पहल'-मा नेपालको कथित सहमति बारे सटीक जानकारी दिने मांग गर्नुभयो । बैठकको विशेष सत्रमा, सत्ता पक्ष र विपक्ष, दुबैले प्रधानमन्त्री र विदेश मन्त्रालयलाई यस मामिलामा सदन समक्ष जवाब दिनु पर्नेमा ज़ोड दिए। उहाँले प्रधानमन्त्रीसंग चीनी विदेश मन्त्रालयको त्यस बयान बारे सदन समक्ष स्पष्टीकरण दिने आग्रह गर्नुभयो , जसमा भनिएको छ, नेपाल सुरक्षा रणनीतीहरू र सैन्य सहयोगमा सहमत भएको छ ।

**नया सीतारमण - जीएसटी सुधार**

जी.एस.टी परिषदले आम आदमी, श्रम-प्रधान उद्योगी, किसान र कृषि, स्वास्थ्य र अर्थव्यवस्थाका लागि जीएसटी दरमा सुधार गर्दै तिनीहरूलाई युक्तिसंगत बनाउने स्वीकृती दिएको छ । हिजो , नयाँ दिल्लीमा मीडियालाई जानकारी दिँदै वित्त मन्त्री निर्मला सीतारमणले भन्नुभयो, आम आदमी र मध्यम वर्गको उपयोगको वस्तुहरूमा वस्तु एवं सेवा कर-जी.एस.टी अठाह्र तथा बाह्र प्रतिशतदेखी घटेर पाँच प्रतिशत गरिएको छ । उहाँले बताउनुभयो, जीएसटी परिषदले व्यक्तिगत जीवन बीमा पोलिसीहरू र फेमिली फ्लोटर र वरिष्ठ नागरीक-का लागि पोलिसीहरू सहित व्यक्तिगत स्वास्थ्य बीमा पोलिसीमा जी.एस.टी-बाट छूटलाई स्वीकृती दिएको छ । यो सबै बदलाव यस महीनाको बाइस तारीख नवरात्रिको पहिलो दिन देखी लागु हुन्छ ।

श्रीमती सीतारमणले भन्नुभयो, श्रम-प्रधान उद्योगी र किसान तथा कृषि क्षेत्रलाई पनि यी फैसलाले लाभ हुनेछ । उहाँले भन्नुभयो, सबै कृषि उपकरणहरूमा जी.एस.टी बाह्र प्रतिशत देखी घटाएर पाँच प्रतिशत गरिएको छ।

**गोयल – जीएसटी**

वाणिज्य र उद्योग मन्त्री **पीयूष गोयलले** भन्नुभयो , दैनिक जीवन-को आवश्यक्ताको लगभग सबै वस्तुहरू जस्तै दवाइ, खाद्य उत्पाद, कपड़ा र जूत्तामा कर-मा कमीले उपभोक्ताहरूलाई धेरै लाभ हुनेछ । नयाँ दिल्लीमा एउटा कार्यक्रममा मीडियासंग बातचीतमा श्री गोयलले भन्नुभयो, पन्द्रह अगस्तमा प्रधानमन्त्री श्री नरेन्द्र मोदीले घोषणा गर्नुभयो , जीएसटीको दरमा बदलाव गरेर देशवासीलाई तिहारको विशेष उपहार दिनुहुनेछ । उहाँले भन्नुभयो, यस प्रक्रिया र कार्यप्रणालीमा गरिएको बदलाव, व्यापारलाई सजिलो बनाउनमा योगदान दिनुहुनेछ । श्री गोयलले भन्नुभयो,

य ो कम दरहरूले  देशमा मांगलाई बढ़ाउनमा सहयोग मिल्नेछ। BYTE-PIYUSH GOYAL

**वैष्णव - जीएसटी**

केन्द्रीय सूचना र प्रसारण मन्त्री **अश्विनी वैष्णवले** वस्तु र सेवा कर-**जी.एस.टी** –को दरहरू कम गरेर सरकारको निर्णयको सराहना गर्नुभयो। आज गुरुग्रामको सोहना-मा मीडियालाई सम्बोधन गर्दै श्री वैष्णवले भन्नुभयो यस ऐतिहासिक निर्णयले मध्यम वर्ग र निम्न आय परिवारमा वित्तीय बोझ कम हुनेछ।

**समाचार आकाशवाणीबाट सुन्नुहुँदैछ।**

**राधाकृष्णन-शिक्षक दिवस**

भोली राष्ट्रीय शिक्षक दिवस ह ो। य ो दिवस पूर्व राष्ट्रपति सर्वपल्ली राधाकृष्णनको जन्मदिनमा मनाइन्छ। उहाँ एकजना  शिक्षक, प्रोफेसर र दार्शनिक पनि हुनुहुनथ्यो। उहाँले  भारतमा शिक्षाको क्षेत्रमा परिवर्तनकारी सुधार गर्नुभयो। यस अवसरमा देशका पैतालिस जना  शिक्षकलाई भोली राष्ट्रपति द्रौपदी मुर्मुले  सम्मानित गर्नुहुनेछ। तमिलनाडुका दुई शिक्षकलाई यस पुरस्कारका लागि चयन गरिएको छ। **भारथियार सेनटेनरी गवर्नमेन्ट गर्ल्स हायर सेकेन्डरी स्कूलकी** शिक्षिका **वी. विजय लक्ष्मीलाई** सम्मानित गरिनेछ। आकाशवाणीसंग बातचीतमा उहाँले भन्नुभयो,य ो पुरस्कार एक शिक्षकको रूपमा उहाँको कामको सर्वश्रेष्ठ मान्यताहरूमा एक ह ो। चेन्नईको **पी.एस सीनियर सेकेन्डरी** स्कूलकी प्रिन्सिपल **रेवती परमेश्वरनलाई** पनि यस पुरस्कारका लागि चुन िएकोछ।

**सर्वोच्च न्यायालय- सीसीटीवी क ्यामरा**

सर्वोच्च न्यायालयले आज देशभर ीको थान ामा सीसीटीवी क ्यामाराको कमीलाई लिएर स्वतः संज्ञान ल िँदै एउटा मामि ला दर्ता गरेको छ। न्यायमूर्ति **विक्रम नाथ** र **न्यायमूर्ति संदीप मेहता-को** पीठले एउटा मीडिया रिपोर्टको संज्ञान ल िँदै य ो मामि ला दर्ता गर्यो।

खबरमा भनिएको थियो , राजस्थानमा दुई हजार पचीसको पह िल ो आठ महीन ामा पुलिस हिरासतमा एघाह्र जनाको मृत्यु भएको छ। मीडिया रिपोर्ट  अनुसार पुलिसले प्राय हिरासतमा मृत्युको मामि ल ामा सी.सी.टी.वी फुटेज उपलब्ध गराउँदैनन्। पुलिसले सी.सी.टी.वी फुटेज न दि न ुको विभिन्न कारण बताए, जसमा तकनीकी कमजोरीहरू, भण्डारणको कमी, चल ी रह ेको जाँच वा कानूनी प्रतिबन्ध शामिल छ।

**दिल्ली-पुलिस**

दिल्ली पुलिसको क्राइम ब्रान्चले मोबाइल टावर उपकरण चोरी , तस्करी गिरोहको पर्दाफाश गरेको छ । दिल्ली पुलिसले यस मामिलामा तीन जना आरोपीहरूलाई गिरफ्तार गरेको छ । पुलिसले बताए अनुसार , आरोपीहरूको पासबाट तिस मोबाइल टावर उपकरण बरामद गरिएको छ ।

**मौसम**

मौसम विभागले गुजरात क्षेत्रमा अगिलो तीन दिन सम्म र पश्चिमी मध्य प्रदेशमा भोली सम्म अत्यधिक भारी वर्षाको चेतावनी जारी गरेको छ । विभाग अनुसार, विदर्भ, छत्तीसगढ र ओडिशाका केही स्थानमा भारी वर्षा हुने सम्भावना छ ।

अनत्यमा मुख्य समाचार फेरी एक पल्ट

- भारत र सिंगापुरले नागरिक उड्डयन, अन्तरिक्ष, कौशल विकास, डिजिटल परि सम्पत्ति नवाचार ,हरित र डिजिटल शिपिङ्ग करिडोरमा पाँच समझौतामा गर्यो हस्ताक्षर.
- जी.एस.टी परिषदले आम आदमी, श्रम-प्रधान उद्योगी, किसान र कृषि, स्वास्थ्य र अर्थव्यवस्थाका लागि जीएसटी दरमा सुधार गर्दै तिनीहरूलाई युक्तिसंगत बनाउने स्वीकृती दिएको छ
- सर्वोच्च न्यायालयले आज देशभरीको थानामा सीसीटीवी क्यामराको कमीलाई लिएर स्वतः संज्ञान लिँदै एउटा मामिला दर्ता गरेको छ ,अनि
- दिल्ली पुलिसको क्राइम ब्रान्चले मोबाइल टावर उपकरण चोरी , तस्करी गिरोहको पर्दाफाश गरेको छ